# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २५६ | बुटवल | २०८१ भदौ २६, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Sept.11, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## आइएफसीले नेपालमा लगानी गर्ने

बुटवल । अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) ले नेपालमा लगानी विस्तार गर्ने भएको छ।

उप-प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेलसँग मंगलबार अर्थ मन्त्रालयमा भएको भेटमा आइएफसीका दक्षिण एसियाका क्षेत्रीय निर्देशक इमाद फाखौरीले आइएफसीले नेपालमा लगानी विस्तार गर्ने जानकारी दिए।

आइएफसीले गत वर्ष नेपालमा १ सय मिलियन अमेरिकी डलर लगानी गरेको थियो।

क्षेत्रीय निर्देशक फाखौरीले हरित ऊर्जा, रोगजारी वृद्धि र आर्थिक सहभागिता आइएफसीको प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले नेपालमा लगानी फराकिलो पार्न आफू र आफ्नो टिमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

सो अवसरमा अर्थमन्त्री पौडेलले नेपालको अर्थतन्त्र सुधारका लागि थप लगानी आवश्यक रहेको बताउँदै नेपालको प्राथमिकता र आवश्यकतालाई ध्यान दिएर लगानी विस्तार गर्न आग्रह गरेका छन्।

## सरकारी कार्यालयमा शेयर कारोबार गर्न नपाइने

बुटवल। अबदेखि सरकारी कार्यालयमा शेयर कारोबार गर्न नपाइने भएको छ।

मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जाल फेसबुकमा लेख्दै सरकारले देशभरिका सबै सरकारी कार्यालयमा सेयर कारोबार गर्ने प्रणाली (टीएमएस) प्रतिबन्ध लगाएको जानकारी दिएका हुन्।

उनले सरकारी कार्यालयमा बसेर शेयर कारोबार गर्दा सरकारी काम प्रभावित भएको गुनासो आएपछि सरकारले (टीएमएस) प्रतिबन्ध लगाएको उल्लेख गरेका छन्।

अबदेखि सबै मन्त्रालय, आयोग, सचिवालय, स्थानीय तहका कार्यालयमा टीएमएस चल्ने छैन। ओलीले सरकारी कार्यालयमा अब सरकारी काम मात्र गर्न अनुरोध गरेका छन्।

## 'सहकारी ठगी' आरोपमा छानवीन गर्न आग्रह

बुटवल। नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले आफूमाथि सहकारी छानविन संसदीय विशेष समितिको विषयवस्तुलाई अन्यत्र मोड्नका लागि आफूमाथि सहकारी रकम अपचलनको आरोप लगाइएको बताएका छन्।

मंगलबार प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर बोल्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टीले पार्टी सभापति रवि लामिछानेमाथि सहकारी ठगीबारे छानविन गरिरहेका बेला त्यसलाई अन्तै मोड्नका लागि आफूमाथि उक्त आरोप लगाएको बताएका हुन्।आफूले निष्ठा, नैतिकता र सुशासन प्रदर्शन गर्दै आएको भन्दै उनले त्यसमा प्रतिबद्ध रहेको पनि बताए।

उपसभापति गुरुङले आफूले श्रीमती ज्योति गुरुङसँग सम्बन्ध विच्छेद गरेको पनि बताए।

### एकल महिला बेपत्ताको आरोप लागेका

# लुम्बिनीका वन मन्त्री कुर्मीले दिए राजीनामा

**लुम्बिनी संवाददाता**

*बुटवल*

बाँकेकी एकल महिला निर्मला कुर्मीलाई अपहरण र बेपत्ता पारेको आरोप लागेका लुम्बिनी सरकारका वन तथा वातावरण मन्त्री बादशाह कुर्मीले राजीनामा दिएका छन् । मन्त्री कुर्मीलाई बर्खास्त गर्न महिला अधिकार मञ्च बाँकेसहित विभिन्न संघ-संस्थाले एक महिनादेखि काठमाडौंमा धर्ना र माइतीघर मण्डल-बालुवाटार पैदलमार्चसम्मका आन्दोलन गरेका थिए । यस्तै नेपाल कम्युनिष्ट पार्टी (बहुमत)ले समेत मुख्यमन्त्री चेतनारायण आचार्यलाई ज्ञापनपत्र बुझाउँदै मन्त्री कुर्मीलाई कारबाही गर्न माग गरेको थियो।

मन्त्री कुर्मी साउन ९ गते मन्त्री नियुक्त भएका थिए। उनको नियुक्तिले कांग्रेसभित्रको संस्थापन इतर पक्ष समेत असन्तुष्ट थियो। कांग्रेसका सहमहामन्त्री किशोरसिंह राठौर निकट मानिने कुर्मीलाई संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले सिफारिश गरेका थिए । कांग्रेस लुम्बिनी प्रदेश समितिले सभापति शेरबहादुर देउवालाई ध्यानाकर्षण पत्र दिएर कुर्मीलाई मन्त्री बनाउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेको थियो।

जसले गर्दा उनीमाथि राजीनामाको दबाब बढेको थियो। धेरैतिरबाट दबाब र आलोचना बढेपछि मुख्यमन्त्री आचार्यले राजीनामा दिन उपयुक्त हुने सन्देश मन्त्री कुर्मीलाई दिएका थिए । मंगलबार मुख्यमन्त्री आचार्य र कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीबिच कुर्मीको राजीनामाबारे छलफल भएपछि चौधरीले पनि राजीनामा दिन उपयुक्त हुने सुझाव दिएका स्रोतको भनाइ छ । त्यसपछि कुर्मीले मुख्यमन्त्री आचार्यलाई राजीनामा बुझाएका हुन्।

पार्टी सभापति शेरबहादुर देउवाले राजीनामा दिन सुझाव दिएपछि मन्त्री कुर्मीले राजीनामा दिएको कांग्रेस स्रोतले दैनिक लुम्बिनीलाई बतायो। उनको राजीनामा भने स्वीकृत हुन बाँकी रहेको छ।

कुर्मीविरुद्ध कर्तव्य ज्यान मुद्दा र ठगीमा अनुसन्धान चलिरहेको छ।

कुर्मीलाई मन्त्रिपरिषद्मा राखेपछि मुख्यमन्त्री आचार्य र सरकारको समेत आलोचना भइरहेको थियो।



निर्मलादेवी कुर्मीको अपहरण र बेपत्ता पार्ने कार्यमा संलग्न रहेको आरोप मन्त्री कुर्मीमाथि छ । जानकी गाउँपालिका परस्पुरकी कुर्मीलाई बादशाहकै निर्देशनमा अपहरण र बेपत्ता पारिएको भन्दै उनका आफन्त र अधिकारकर्मीहरू पटक-पटक आन्दोलित थिए। उनलाई उम्मेदवार बनाएदेखि नै आन्दोलन भएको थियो।

महिला अधिकार मञ्चकी इञ्चार्ज अधिकारकर्मी रुवी खानले गम्भीर अपराधका अभियुक्तलाई मन्त्रीबाट बर्खास्त गर्नुपर्ने आफूहरुको माग सम्बोधन नभएसम्म पीडित पक्षले न्याय नपाउने बताइन्।

२०७५ सालमा एकाएक हराएकी निर्मलाको जग्गा हत्याउन कुटपिट गर्ने र अपहरण गरी बेपत्ता पार्ने काममा मन्त्री कुर्मीको संलग्नता रहेको प्रहरी अनुसन्धानले देखाएको थियो । तर राजनीतिक पहुँचका भरमा कुर्मी कारबाहीबाट बच्दै आएका थिए। खानलगायत १२ जना अधिकारकर्मीहरू अनसन बसेपछि तत्कालीन गृहमन्त्री रवि लामिछानेले लिखित सहमति गरेर अपराधमा संलग्न जोसुकै भए पनि कानुनको दायरामा ल्याउने वचन दिएका थिए। १८ दिन अनसन बसेर आफूहरु नेपालगञ्ज फर्केपछि उक्त सहमति मन्त्रालयमै थन्किएको गुनासो रुवीको छ।

कुर्मी २०७९ सालको प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसबाट बाँकेको क्षेत्र नम्बर ३ (२) बाट प्रत्यक्ष निर्वाचित भएका थिए । उनी विगतमा संविधानसभा सदस्यमा पनि निर्वाचित भएका थिए।

गृह मन्त्रालयका तत्कालीन सहसचिव हिरालाल रेग्मीको संयोजकत्वमा गठित छानबिन समितिले २०७८ कात्तिक १४ गते तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाउँदै निर्मला कुर्मीलाई बेपत्ता पार्ने काममा कांग्रेस नेता बादशाह कुर्मीलगायतका व्यक्तिहरु संलग्न रहेको उल्लेख गरेको थियो।

प्रतिवेदनमा विधवा तथा एकल महिला निर्मला कुर्मीमाथि बादशाह कुर्मी, कुँवर बब्बन सिंह, धिरेन्द्र सिंह, अम्मरलाल कुर्मी, भारतीय नागरिक मुनिम कुर्मीलगायतका ८ जनाले कुटपिट गरी सम्पत्ति खाने नियतले सम्पूर्ण कागजातहरू नागरिकता, लालपुर्जा, नाता कायमको कागज जबर्जस्ती खोसेर लगेको उल्लेख गरिएको अधिकारकर्मी खानले बताइन्।

मुद्दा अदालतमा दर्ता हुन रोक्न कांग्रेस भित्रको एउटा समूह, सरकारी वकिल कार्यालय र प्रहरी समेतको मिलेमतो रहेको आशंका आफूहरुलाई रहेको खानले जनाइन्।

सम्पूर्ण कागजात खोसेर लगेपछि निर्मलाले पटकपटक छलफल गर्न खोजेको, तर उनीहरूले निर्मलाको कुनै पनि कागजात नदिने, घरमा बस्न पनि नदिने र उल्टै धम्की दिने गरेको प्रतिवेदनमा उल्लेख छ।

निर्मलाको अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान मुद्दा हेर्दा सम्पत्ति हडप्ने नियत देखिएको भन्दै त्यसबारे विस्तृत अनुसन्धान गरी सबै आरोपीलाई अविलम्ब पक्राउ गर्न उक्त समितिले सुझाव दिएको थियो।

धम्कीको क्रम बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय बाँकेसमेतको पहलमा निर्मलालाई उद्धार गरी सेफ सेल्टरमा राखिएको समेत छानबिन समितिले भनेको थियो।

बाँके प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले मन्त्री कुर्मी जोडिएको यो घटनाको अनुसन्धान जारी रहेको र अदालत लैजानुपर्ने देखिए मुद्दा दर्ता हुने बताए। 'यो केस अनुसन्धानकै चरणमा छ, केही मान्छेसँग बुझ्न बाँकी छ, त्यसपछि अदालतमा मुद्दा दर्ता हुन सक्छ।'-कार्कीले भने।

### गाउँपालिकाको नाम फेर्ने होड

# गंगादेवबाट कसरी भयो सुकीदह ?

**विपक्षीहरुले पूर्व गाउँपालिका अध्यक्षले आफ्नो स्वर्गीय श्रीमती र सालाको नाममा पालिकाको नाम राखेर परिवारवाद लादेको आरोप लगाउँदै आएका थिए।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

वि.सं २०७४ मा भएको पहिलो स्थानीय तहको चुनावमा रोल्पाको सुकीदह गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षसहित कार्यपालिकामा बहुमत माओवादी केन्द्रले जित्यो। गाउँपालिकाको अध्यक्षमा चुनिए, माओवादी नेता वीरबहादुर खत्री । चुनाव जितेपछि उनले गाउँपालिकाको नाम फेर्ने कार्यपालिकामा प्रस्ताव राखे। माओवादीको बहुमत रहेको कार्यपालिका बैठकले अध्यक्षको प्रस्तावमा सहजै सहमति जनायो । सुकीदहको नाम गंगादेव राख्ने निर्णय गर्दै प्रदेश हुँदै संघीय सरकारलाई लेखेर पठाउने निर्णय भयो। संघीय सरकारले पालिकाको निर्णयलाई स्वीकृत गऱ्यो।

२०७९ को चुनावमा गंगादेव गाउँपालिकामा कांग्रेसले अध्यक्ष र उपाध्यक्षसहित कार्यपालिकामा बहुमत जित्यो। अध्यक्षमा चुनिए, कांग्रेस नेता हरि पुन । उनले गंगादेव नाम राख्ने निर्णयलाई उल्टाउँदै साविककै सुकीदह नाम राख्ने प्रस्ताव राखे । कार्यपालिका बैठकले गरेको निर्णय प्रदेश हुँदै संघीय सरकारमा पुग्यो। संघीय सरकारको यही भदौ २० गतेको मन्त्रिपरिषद् बैठकले गंगादेवको नाम सुकीदह राख्ने निर्णयलाई स्वीकृति गऱ्यो । पालिकाले निर्णय गरेर पठाएको दुई वर्षपछि पालिकाको नाम साविककै सुकिदह राख्ने निर्णयलाई संघीय सरकारले स्वीकृति दिएको गाउँपालिकाका अध्यक्ष पुनले जानकारी दिए।

सुकीदह स्थानीय बासिन्दाको धार्मिक आस्थाको केन्द्र हो । त्यही नामप्रति पालिकाका बासिन्दाको अपनत्व भएको पालिका अध्यक्ष पुनले बताए।

**गंगादेव नाम राख्नुको अन्तर्य**

गंगा केसी तत्कालीन नेकपा माओवादीको इलाका सदस्य थिइन् । गाउँपालिका पूर्व अध्यक्ष एवं माओवादी नेता वीरबहादुरका खत्रीका अनुसार, २०५६ भदौ २६ गते तीज पर्व मनाइरहेका बेला राति प्रहरीले पक्राउ गरी निर्मम यातना दिएर हत्या गरेको हो । जो उनकी श्रीमती हुन् । त्यसबेला वीरबहादुर काठमाडौं जेलमा थिए।

माओवादी कार्यकर्ता देवबहादुर ओली दर्शन २०५९ सालमा गाममा भएको भीषण लडाईमा मारिएका थिए। जो नाताले वीरबहादुरको साला पर्दछन्। विपक्षीहरुले श्रीमती र सालाको नाममा पालिकाको नाम 'गंगादेव' राखेर परिवारवाद लादेको आरोप लगाउँदै आएका थिए। वीरबहादुरले भने परिवर्तनको आन्दोलनमा सहभागी योद्धाको स्मृतिमा नाम राख्नु जायज भएको बताउँदै आएका छन्।

**फेरिएको जनमत**

सुकिदह गाउँपालिका साविकका चार गाविस राक, जिनावाङ, पाखापानी र ओत मिलेर बनेको हो। यो गाउँपालिकामा ७ वटा वडा छन्। २०७४ मा एमाले वडा नम्बर ६ र ७ जित्यो। कांग्रेसले वडानम्बर १ जित्यो बाँकी वडामा माओवादी केन्द्रले जित्यो। माओवादीलाई कार्यपालिकामा बहुमत पुऱ्याउन सकस भएन्। बहुमतको आडमा सर्वपक्षीय छलफल गरेर बनाइएको नामलाई माओवादीले बदल्ने निर्णय गऱ्यो।

२०७९ को चुनावमा पासा उल्टियो । २०७४ मा रक्षात्मक भएको कांग्रेसले २०७९ मा अध्यक्ष उपाध्यक्षसहित चार वटा वडा जित्यो । कार्यपालिकामा बहुमत हासिल गऱ्यो । एमालेले वडा नम्बर ६ जित्यो । माओवादी केन्द्रले वडा नम्बर ३ जित्यो । कांग्रेसले नाम फेर्ने विषयलाई चुनावी मुद्दा बनायो । चुनावमा गरेको प्रतिबद्धताअनुसार २०७९ असार १४ गतेको कार्यपालिका बैठकले साविककै सुकीदह नाम राख्ने निर्णय गऱ्यो। यो निर्णयमा एमालेबाट निर्वाचित जनप्रतिनिधिले पनि साथ दिएपछि कांग्रेसलाई सहज भयो। संघीय सरकारले सुकीदह नाम राख्ने गाउँपालिकाको निर्णयलाई स्वीकृति दिएपछि भदौ २४ गते पालिकाले सार्वजनिक बिदा दिएको छ । पालिकामा विजयोत्सव मनाइएको छ। अहिलेको नेतृत्वले नाम फेर्ने निर्णय गरेको प्रति २०७४ मा निर्वाचित अध्यक्ष वीरबहादुर खत्री रुष्ट छन्। उनले नाम फेर्ने निर्णय संविधानको प्रतिकुल भएको बताए। 'यो निर्णयविरुद्ध सर्वोच्च अदालत जान्छौं।'–उनले भने।

रोल्पामा १० स्थानीय तह छन् । तीमध्ये एक नगरपालिका र नौ गाउँपालिका हुन् । संविधान बनेपछि राज्य पुनःसंरचना हुँदा पालिकाको नाम ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय स्थल र नदीको नामबाट राख्ने कार्यविधिअनुसार सबै पालिकाको नाम राखिएको थियो । २०७४ सालको चुनावमा माओवादीले बहुमत हासिल गरेका तीन पालिकाको नाम फेर्ने निर्णय भएको थियो। दुई खोली गाउँपालिकाको नाम नेपबहादुर केसी 'परिवर्तन'को नामबाट परिवर्तन गाउँपालिका नामाकरण गरिएको छ। सुवर्णावती गाउँपालिकाको नाम किमबहादुर थापा सुनिलको नामबाट सुनिलस्मृति गाउँपालिका नामाकरण गरिएको छ । पालिकाको पहिलेको नाम फेर्ने निर्णयप्रति अरु दलले विरोध गर्दै आएका छन् । अरु दलले पालिकामा आफ्नो बहुमत आउने बित्तिकै नाम फेर्ने दाउ कुरेर बसेका छन्।




# सम्पादकीय

## रामग्राम स्तूपको महिमा जोगाऊ

रामग्राम स्तूप शान्तिका अग्रदूत गौतमबुद्धको अस्तुधातु रहेको पवित्र स्थल हो। गौतमबुद्धको जन्मस्थल लुम्बिनी र उनले २९ वर्षसम्म बिताएको प्राचीन कपिलवस्तु झैं यो स्तूपलाई पवित्र मानिन्छ। यो पवित्र स्थलमा खुलेयाम मदिरा बिक्री वितरण हुँदा रोक्न कसैबाट पहल भएको छैन। बौद्धमार्गीको आस्थाको केन्द्रमा खुलेयाम मदिरा बिक्री हुनु भनेको आस्थामाथि प्रहार हो।

पवित्र लुम्बिनी उद्यानभित्र मदिरा बिक्री वितरण प्रतिबन्ध छ। लुम्बिनी उद्यान बाहिर होटलहरुमा बिक्री वितरण हुनु भिन्दै विषय हो। रामग्राम स्तूपको शौचालय नजिकै टहरा बनाएर मदिरा बिक्री हुँदा पवित्र स्थलप्रतिको अपमान हो। रामग्राम स्तूपमा अहिले आन्तरिक र बाह्य पर्यटक घुम्न आउन थालेका छन्। सरकारले रामग्राम स्तूपको बृहत्तर विकासका लागि गुरुयोजना बनाएर काम गर्ने योजना अघि सारेको छ। बौद्धमार्गीहरुको आस्थाको केन्द्रमात्रै नभएर शान्तिमार्गी सबैको आस्थाको केन्द्र हो, रामग्राम। यसको गरिमा र महत्वलाई ख्याल गर्दै यहाँ मदिरालगायतका वस्तु बेचबिखन गर्न निश्चित ठाउँको व्यवस्था गर्नुपर्छ। मनपरी मदिरा बिक्री गर्ने र पिएर होहल्ला गर्ने वातावरण अन्त्य हुनुपर्छ। रामग्राम, लुम्बिनी, कपिलवस्तु र देवदहको एकीकृत विकास र पर्यटन प्रवर्द्धनको विषय उठिरहेको बेला र रामग्रामको गुरुयोजना बनाएर काम भइरहेको बेला अहिलेदेखि नै अवाञ्छित गतिविधि नियन्त्रण गर्न सरकारी निकाय अग्रसर हुनुपर्छ। अवाञ्छित गतिविधि नियन्त्रण गर्न लुम्बिनी विकास कोषले बेवास्ता गर्नु उसको कमजोरी हो।

लुम्बिनी विकास कोषलाई लुम्बिनी उद्यानभित्र मात्रै सीमित गर्ने होइन। देवदह, कपिलवस्तु र रामग्रामसम्म नै हेर्नुपर्छ। समग्रमा यस क्षेत्रका बौद्ध स्थललाई कोषको दायरामा समेट्नुपर्छ। यद्यपी पछिल्ला वर्ष कपिलवस्तुमा कोषले केही काम गरेको छ। रामग्रामप्रति पनि पहिलेभन्दा चासो बढेको छ। देवदहमा सम्पर्क कार्यालय राखेर काम भएको छ। तर यतिले मात्रै होइन, बजेट विनियोजन, परिचालन र पर्यटन प्रवर्द्धनका योजना र काम लुम्बिनीलाई केन्द्रमा राखेर सबै ठाउँलाई उत्तिकै महत्व दिनसक्दा मात्रै हामीले लाभ पाउन सक्छौं।

रामग्राम नगरपालिकाले स्तूप क्षेत्रमा भएका अवाञ्छित गतिविधि नियन्त्रण गर्ने काम लुम्बिनी विकास कोषको भएको बताउने र कोष लुम्बिनीमै सीमित हुने प्रवृत्तिले गलत क्रियाकलाप गर्नेहरु हौसिने वातावरण बन्दै जानेछ। लुम्बिनी विकास कोषले अवाञ्छित गतिविधि रोक्न स्थानीय प्रशासनको ध्यानाकर्षण गराउन सक्छ, स्थानीय प्रशासनले तत्काल नियन्त्रण गर्न सक्छ। आगामी दिनमा कुन ठाउँमा के व्यापार गर्ने र स्तूपको क्षेत्रभित्र व्यापार निषेध गर्नु नै उपयुक्त हुन्छ।

# विद्यार्थी भिसामा विदेशिनेको डरलाग्दो अवस्था



धर्मराज भट्टराई

*यता मुलुकभित्रबाट शारीरिक एवम् मानसिक रुपमा अब्बल जनशक्ति दिन-प्रतिदिन विदेशिने क्रम बढ्दै जाँदा यसले राज्यको आर्थिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ। मुलुकमा भित्रिने रेमिट्यान्सले मात्र देशको आर्थिक अवस्थालाई सधैंभरि थेग्ने अवस्था रहँदैन। आन्तरिक उत्पादन र उत्पादकत्वमा वृद्धि नभई देशमा आर्थिक समृद्धि हुन सक्दैन। उत्पादन र उत्पादकत्व वृद्धिका लागि सबैभन्दा महत्वपूर्ण साधन मानव संसाधन हो।*

पछिल्लो समय मुलुकको प्रमुख समस्याका रुपमा युवा पलायनलाई लिने गरिएको छ। हरेक सरकारले युवालाई देशमै राख्ने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दै आएको बताए पनि त्यसको असर देखिएको छैन। अहिले दैनिक करिब २५ सयभन्दा बढी युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशिने गरेका विवरणहरु बाहिर आएका छन्।

धेरैले युवाहरु रोजगारीका लागि विदेशिएको भन्ने गरे पनि शिक्षाका लागि भन्दै बाहिरिने लर्को पनि लामै देखिन थालेको छ। मुलुकबाट ठूलो संख्यामा युवा विद्यार्थीहरु विदेशिएसँगै नेपाली विश्वविद्यालय र क्याम्पसहरूमा अध्ययन गर्ने विद्यार्थीको संख्यामा कमी आएको छ। विशेष गरी, विश्वविद्यालयहरुले सञ्चालनमा ल्याएका स्नातक र स्नातकोत्तर तहका कार्यक्रमहरुमा तोकिएको सिट संख्याभन्दा ज्यादै न्यून विद्यार्थी भर्ना हुने गरेका छन्। एकातिर विश्वविद्यालय तथा सम्बद्ध शैक्षिक संस्थाहरुमा विद्यार्थीको खडेरी परेको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यार्थीहरुको भीड थामी नसक्ने अवस्थामा पुगेको छ।

अध्ययनसँगै पैसा पनि कमाउन सकिने आशा बोकेर विद्यार्थी भिसामा विदेश उड्ने नेपाली युवाहरुको लर्को नै लागेको छ। ०७५/०७६ देखि अहिलेसम्म करिब ६ वर्षको अवधिमा मात्रै ४ लाख ६४ हजारभन्दा बढी विद्यार्थी विदेशिएको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांक छ। गत आव ०८०/८१ मा मात्र १ लाख १२ हजार ५ सय ९३ जनाले वैदेशिक अध्ययनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट नो अब्जेक्सन लेटर (एनओसी) लिएको जनाइएको छ। शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांकअनुसार अघिल्लो आव यस्तो अनुमति लिनेको संख्या १ लाख १० हजार २ सय १७ जना थियो। कोभिडका कारण ०७७/७८ मा २७ हजार ९ सय र ०७६/७७ मा ३४ हजार ९६ विद्यार्थीले मात्रै एनओसी लिएको भए पनि त्यसअघि र पछिका वर्षहरुमा यो गति बढ्दो क्रममा देखिन्छ। आव ०७५/७६ मा यो संख्या ६३ हजार २ सय ९५ थियो।

अहिले दैनिक करिब ५ सयजना विद्यार्थीले यस्तो अनुमति लिने गरेको शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाले जनाएको छ।

यो तथ्यांक हेर्दा सरदर नेपालबाट वार्षिक एक लाखभन्दा बढी विद्यार्थी वैदेशिक अध्ययनका लागि विदेशिने गरेका छन्। यी विद्यार्थीहरु विदेश जाँदा देशमा युवाको खडेरी मात्र परेको छैन, मुलुकको ढुकुटीसमेत दिन-प्रतिदिन रित्तिँदै गएको छ। विगत ६ वर्षको अवधिमा करिब ४ खर्ब रुपियाँभन्दा बढी रकम विद्यार्थी भिसामार्फत् बाहिरिएको राष्ट्र बैंकको तथ्यांक छ। पछिल्लो एक वर्षको अवधिमा मात्र विदेश अध्ययनमा जाने विद्यार्थीबाट १ खर्ब २५ अर्ब १३ करोड रुपियाँ बाहिरिएको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार ०८० साउनदेखि ०८१ असार मसान्तसम्ममा सो परिमाणको रकम बाहिरिएको हो। अघिल्लो वर्ष ०७९/८० मा १ खर्ब ४२ करोड रकम विद्यार्थी भिसामार्फत् बाहिरिएको थियो।

शिक्षालाई मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक पूर्वाधारको पनि पूर्वाधार मान्ने गरिन्छ। तर, अहिलेसम्म पनि मुलुकको शिक्षा प्रणालीले लय समात्न नसकेको गुनासो छ। सरकारको अदूरदर्शी योजना र शैक्षिक प्रतिष्ठानहरुमा देखिएको बेथितिले विद्यार्थीहरु यहाँको शिक्षा प्रणालीप्रति विश्वस्त हुन नसकेको अवस्था छ। यसको विकल्पको रुपमा उनीहरु विदेशी अध्ययन संस्थानहरुप्रति आकर्षित हुन थालेका छन्। पछिल्लो १० वर्षमा विदेशमा अध्ययनका लागि एनओसी लिने विद्यार्थीको संख्या झन्डै १० गुणाले बढेको छ। १० वर्षको अवधिमा अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या औसतमा ४३.९ प्रतिशतले बढेको देखिएको छ। मुलुकका विश्वविद्यालयहरुमा मौलाउँदै गएको बेथिति र राजनीतिक हस्तक्षेपले एकातिर समय सुहाउँदो शिक्षा पद्धतिको विकास हुन सकेको छैन भने अर्कोतर्फ दक्ष जनशक्तिसमेत उत्पादन गर्न नसकेको अवस्था छ। यसै कारण नेपालका विश्वविद्यालयहरु विद्यार्थीहरुलाई आकर्षित गर्न सकेका छैनन्।

देश विकासका लागि आवश्यक मानवीय स्रोतको निर्माणमा विश्वविद्यालयहरुको प्रमुख भूमिका हुने गर्छ। विश्वविद्यालयले मुलुकको समग्र विकासका लागि दक्ष जनशक्तिको उत्पादन गर्न सक्नुपर्छ। जसले कुनै समस्याको विश्लेषण गर्ने, तर्क गर्ने, प्रस्तुत गर्ने र समाधान खोज्ने सामर्थ्य राखेको हुन्छ। तर यदि उद्गम स्थल नै कमजोर भयो भने यसबाट हुने विकास पनि दिगो हुन सक्दैन। नेपालमा अहिले विश्वविद्यालयहरुबाट दीक्षित विद्यार्थीहरुसमेत दक्ष जनशक्ति हुन सकेका देखिँदैनन्। आफ्नो विषयवस्तुसँग सम्बन्धित विज्ञताको अभावले अध्ययनपश्चात् समेत रोजगारीका अवसरहरु प्राप्त गर्न सकेका छैनन्। यसै कारणसमेत स्वदेशी विश्वविद्यालयहरुले विद्यार्थीहरुलाई आकर्षित गर्न सकिरहेका छैनन्। यसको विकल्पको रुपमा उनीहरुले वैदेशिक अध्ययनलाई रोजेको देखिन्छ। विद्यार्थी भिसामा विदेशिएका सबैको उद्देश्य उच्च शिक्षा हासिल गर्नु मात्र नरहेको देखिन्छ। पछिल्लो समय धेरैले विद्यार्थी भिसालाई माध्यम बनाएर श्रमको खोजीमा विदेशिएका घटनाहरुसमेत बाहिर आएका छन्। हालै मात्र श्रमको खोजीमा विद्यार्थीका रूपमा रुस पुगेका १५० नेपाली युवा मस्कोमा बिचल्ली परेको खबर बाहिर आएको थियो। यो एउटा प्रतिनिधि घटना मात्र हो। एसिया, युरोप, अफ्रिकादेखि अमेरिकासम्मका विभिन्न मुलुकमा नेपाली युवाहरु श्रम गर्न विद्यार्थी भिसामा पुग्ने गरेका छन्।

गत आवमा वैदेशिक अध्ययनका लागि नेपाली युवाहरुले विद्यार्थी भिसा लगाएर बाहिरिएका प्रमुख गन्तव्य मुलुकहरुमा जापान, अमेरिका, युनाइटेड किङ्डम (युके), कोरिया, अस्ट्रेलिया, क्यानडा देखिन्छन्। यस अवधिमा जापानका लागि ३४ हजार ७३१ जना, क्यानडाका लागि १५ हजार ९८२ जना, अस्ट्रेलियाका लागि १४ हजार ३७२ जना, युकेका लागि १३ हजार ३३९ जना, अमेरिकाका लागि ११ हजार २६१ जनाले वैदेशिक अध्ययन अनुमतिपत्र पाएको जनाइएको छ। त्यसै गरी, रिपब्लिक अफ कोरियाका लागि ६ हजार ८८९, डेनमार्कका लागि १ हजार ७५४, फिनल्यान्डका लागि १ हजार ५३५, फ्रान्सका लागि १ हजार ४८९, इन्डियाका लागि २ हजार ३८९, न्युजिल्यान्डका लागि १ हजार ४४६, युएईका लागि २ हजार १४७ जनाले समेत एनओसी पाएका थिए। यसबाहेक बंगलादेश, चीन, बहराइन, जर्मनी, आयरल्यान्ड, ग्रीस, हंगेरी, मलेसिया, माल्टा, फिलिपिन्स, पोल्यान्ड, कतार, स्पेन, स्वीडेन र थाइल्यान्डका लागि समेत विद्यार्थीले अध्ययनका लागि अनुमति लिएका छन्।

केही समयअघिसम्म नेपालका विश्वविद्यालयमा पढ्नु भनेको गर्वको कुरा हुन्थ्यो। त्यहाँ पढेपछि भविष्य सुनिश्चित भएको महसुस गर्ने गरिन्थ्यो। छोराछोरीले विश्वविद्यालयमा अध्ययन गरेको विषयलाई बाबुआमाले आफ्नो इज्जतसँग दाँज्ने गर्दथे। तर, अहिले त्यस्तो अवस्था छैन। मुलुकभित्रकै विश्वविद्यालयमा आफ्ना सन्तानहरुलाई पढाउन अभिभावकहरुसमेत तयार देखिँदैनन्। यसको मुख्य कारण मुलुकभित्रका विश्वविद्यालयहरुमा रहेको बेथिति पनि एक हो। अधिकांश विश्वविद्यालयहरु बन्द, हड्ताल, तालाबन्दी र राजनीतिक हस्तक्षेपले शैक्षिक क्यालेन्डर चुस्तदुरुस्तरुपमा अगाडि बढाउन सकेका छैनन्। यसले गर्दा नियमित पठनपाठन, वार्षिक परीक्षा, परीक्षाफल प्रकाशनजस्ता शैक्षिक क्रियाकलापहरु अनियमित हुन पुगेका छन्। चारबर्से स्नातक तह पूरा गर्न करिब सात वर्ष लाग्ने, परीक्षाफल, प्रश्नपत्र आदिसमेत त्रुटिरहित हुन नसक्दा यसप्रतिको विश्वास क्रमशः घट्दै गएको देखिन्छ।

देशका कर्णधारका रुपमा परिचित युवाहरु दिन-प्रतिदिन विदेशिने क्रम बढ्नुमा सबैभन्दा बढी जेम्मेवार मुलुकको राजनीतिक नेतृत्वले लिनुपर्ने देखिन्छ। कुनै पनि मुलुकको भविष्य त्यस देशका राजनीतिक नेतृत्वहरुमा निर्भर हुने गर्छ। राजनीतिक नेतृत्वले नै मुलुकको बागडोर सम्हाल्ने भएकाले उनीहरुमा रहेको दूरदर्शिता, क्षमता, लक्ष्य तथा उद्देश्यले मुलुक कुन दिशातर्फ लाग्दै छ भन्ने अनुमान लगाउन सकिन्छ। मुलुकको आर्थिक एवम् सामाजिक समृद्धिको बागडोर समाएर बसेका राजनीतिक नेतृत्व इमानदार, सक्षम एवम् दूरदर्शी भएको खण्डमा मात्र उनीहरुबाट आशा गर्ने ठाउँ रहन्छ। राजनीतिक नेतृत्व इमानदार भएको खण्डमा यसले मुलुकको आर्थिक, सामाजिक एवम् शैक्षिक क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न सक्छ। यसले मात्र मुलुकभित्रै भविष्य सुनिश्चित हुन सक्छ भनेर आशा गर्न सक्ने अवस्था ल्याउन सक्छ। तथापि, नेपालको विगत तीन दशकभन्दा बढी समयदेखिको इतिहास हेर्ने हो भने अहिलेसम्म आशा लाग्दो राजनीतिक नेतृत्व नदेखिएको भान भएको छ। राजनीतिक अस्थिरता, भ्रष्ट शासक, बारम्बार सरकार परिवर्तन भैरहनु, सत्ताको लुछाचुँडी देखेर वर्तमानका युवाहरुले स्वदेशमा आफ्नो भविष्य सुरक्षित नहुने आँकलन गरेका देखिन्छन्। यसै कारण उनीहरु देश छोड्न हतार गरेका छन्।

मुलुकका युवाले आफ्नो वर्तमानसँगसँगै भविष्य पनि सुनिश्चित भएको हेर्न चाहनुलाई स्वाभाविक मान्न सकिन्छ। उनीहरु आफू र आफ्ना सन्ततिको भविष्यप्रति चिन्तित देखिन्छन्। यता मुलुकभित्रबाट शारीरिक एवम् मानसिक रुपमा अब्बल जनशक्ति दिन-प्रतिदिन विदेशिने क्रम बढ्दै जाँदा यसले राज्यको आर्थिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ। मुलुकमा भित्रिने रेमिट्यान्सले मात्र देशको आर्थिक अवस्थालाई सधैंभरि थेग्ने अवस्था रहँदैन। आन्तरिक उत्पादन र उत्पादकत्वमा वृद्धि नभई देशमा आर्थिक समृद्धि हुन सक्दैन। उत्पादन र उत्पादकत्व वृद्धिका लागि सबैभन्दा महत्वपूर्ण साधन मानव संसाधन हो।

यदि हामी दिन-प्रतिदिन मानव संसाधन गुमाउँदै गयौं भने राज्यले निर्माण गर्ने जस्तोसुकै राम्रा नीति तथा योजनाहरुको कुनै अर्थ रहँदैन। मुलुकको आर्थिक, सामाजिक तथा राजनीतिक विकास र विस्तारका लागि अहिले बढ्दै गएको विदेशिने प्रवृत्तिलाई रोक्न सक्नुपर्ने देखिन्छ। यसका लागि मुलुकभित्रै रोजगारीका अवसर, सीपमूलक शिक्षा, स्थिर राजनीतिक वातावरण, असल नेतृत्व र सुशासनको आवश्यकता देखिन्छ।
समाचारपत्रबाट

# सेयर बजार निरन्तर ओरालो



काठमाडौँ। पछिल्ला केही दिनमा सेयर बजार परिसूचक (नेप्से) लगातार ओरालो लागेको छ। मंगलबार नेप्सेमा १३ अंकको गिरावट आयो।

सोमबार बजार ५५ अंकले घटेको थियो भने आइतबार २५ अंकले झरेको थियो।

यो साताको तीन दिनमा मात्रै परिसूचक ६९ अंकले घटेको छ। आइतबार २७०१ बिन्दुमा रहेको बजार मंगलबार २६३२ अंकका ओर्लिएको छ।

मंगलबार कारोबार रकम पनि घटेको छ। यसअघि १० अर्ब हाराहारी दैनिक कारोबार हुने गरेको थियो। मंगलबार ७ अर्ब २४ करोड ५५ लाख रुपैयाँको सेयर खरिदबिक्री भएको छ। मंगलबार कुल ३२८ कम्पनीको १ करोड ९० लाख ७७ हजार कित्ता सेयर खरिदबिक्री भएको छ।

मंगलबार व्यापार उपसमूहको सूचक ०.७९ प्रतिशतले बढेको छ। बाँकी सबै उपसमूहको सूचक घटेको छ।

कारोबार भएकामध्ये १७० कम्पनीको मूल्य घटेको छ। ८ कम्पनीको मूल्यस्थिर रह्यो भने ६७ कम्पनीको मूल्य बढेको छ।

मंगलबार मानुषी लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्यो। कारोबार रकमका हिसाबले मंगलबार हाइड्राइलेक्ट्रिसिटी डेभलपमेन्ट कम्पनी शीर्षमा रह्यो। यसको कुल २९ करोड ८१ लाख रुपैयाँको सेयर खरिदबिक्री भएको छ। कारोबार बन्द हुँदा यसको सेयर मूल्य प्रतिकित्ता १७७ कायम भएको छ।

# बिरे नुनका यस्ता छन् फाइदाहरू



बिरेनुनमा प्रशस्त मात्रामा सल्फर, आइरनलगायत शरीरलाई आवश्यक खनिज तत्व हुन्छन्। जसका कारण मोटोपना, खराब कोलस्ट्रोल, श्वासप्रश्वाससम्बन्धी समस्याबाट बचाउने काम गर्छ।

त्यस्तै, यसको सेवनले मधुमेह, आर्थराइटिस, प्यारालाइसिस, रक्तअल्पता एनिमिया, रक्तश्राव, कपाल झर्ने, जोर्नी दुख्ने र आन्द्रासम्बन्धी समस्यालाई पनि नियन्त्रण गर्नमा भूमिका खेल्छ। बिरेनुनलाई जुनसुकै तरिकाले पनि प्रयोग गर्न सकिन्छ। प्राकृतिक बिरेनुनले खानालाई सुरक्षित राख्ने काम गर्छ। यसलाई टेबुल साल्टका रूपमा वा साँध्ने खालका खानामा सोझै प्रयोग गर्न सकिन्छ। यसलाई पानीमा मिसाएर पनि प्रयोग गर्न सकिन्छ।

**यस्ता छन् बिरेनुन खानुका फाइदाहरु**

-पाचन प्रक्रियामा सुधार ल्याउँछ।

-सजिलै शरीरमा समायोजन हुनसक्ने भएकाले यसले डिहाइड्रेसनबाट बचाउँछ।

-शरीरमा पानीको मात्रा पूर्ति गर्नुका साथै स्फूर्ति ल्याउन भूमिका खेल्छ।

-शरीरमा एसिड तथा फोस्फोरसको मात्रालाई सन्तुलनमा ल्याउँछ।

-छाला चाउरिन पाउँदैन, खटिरा तथा डन्डिफोर पनि आउन दिँदैन साथै छाला चिलाएको तथा एलर्जी निको पार्छ।

-श्वासप्रश्वाससम्बन्धी समस्या हुनेलाई बिरेनुनको प्रयोग अति लाभदायक हुन्छ।

-टाउकोको कोषिकालाई पुनर्जीवित बनाउनुका साथै एकाग्रतामा सुधार ल्याउँछ।

-हड्डी बलियो बनाउन मद्दत पुऱ्याउँछ।

-मांसपेशीलाई बलियो बनाउँछ।

-पिनास, घाँटी दुखेको तथा दम रोगमा यसको धुलो सुँघेमा रोग निको हुन्छ।

-रगतलाई सफा पार्नुका साथै शरीरमा विषादी प्रवेश गर्न दिँदैन।

-पाठेघरसम्बन्धी समस्या समाधान गर्छ।

-जोर्नीजन्य समस्या र शरीर सुन्निएको ठीक गर्छ।

# Purbakhola Rural Municipality

**Office of the Rural Municipal Executive**

**Purbakhola, Palpa**

**Lumbini Province, Nepal**

## Invitation for Online Bids

Date of publicationof Second Notice: 2081/05/26(2024/09/11)

Purbakhola Rural Municipality Office, Purbakhola,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

*Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa*

*Name of the Office:Purbakhola Rural Municipality Office, Purbakhola, Palpa*

*Rajaswa Account No.: 14604010000009*

*Bid Validity Period: 45 days after opening*

*(bidder's should submit through bank guarantee only)*

| Contract No. | Name of Project | Estimated Amount Exclusive of VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| PRM/NCB/ GOODS/ 02-081-82 | Procurement of Medicine and Surgical items of Purbakhola Rural Municipality Palpa | 1580758.38 | 1000 | 45000 | 2081/06/10 12:00Pm (2024/09/26) |

Chief Administrative Officer

PurbakholaRural Municipality Office

# शितगंगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**ठाडा, अर्घाखाँची**

**लुम्बिनी प्रदेश नेपाल**

## नदीजन्य पदार्थ बिक्रीका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना।

( दोस्रो पटक प्रकाशित भएको मिति २०८१/५/२६)

यस शिगतगंगा नगरपालिका वडा नं. ८ रनसिङ खोला किनार तिनखण्डे जुरौनी क्षेत्रमा रहेको तपशिल बमोजिमको नदीजन्य पदार्थ शितगंगा नगर कार्यपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ। बोलपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५५ का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८१।०६।१० गतेका दिन १२:०० बजे भित्र बोलपत्र पेश गरी सक्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/ Website- shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसील-

| सि.नं. | ठेक्का नं.आ.व.२०८१/०८२ | स्थान/क्षेत्र | परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेकु) | फारम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01-SM/ R01/ NCB/2081/082 | रनसिङ खोलाको किनार तिनखण्डे जुरौनी क्षेत्र, ४ वटा थुप्रोमा रहेको डम्पिङ परिमाण। | २६४५ | ७५००००|- | १०००|- | |

प्रमुख प्रशासकीय अधिकृत

# Kanchan Rural Municipality

**Office of Rural Municipal Executive**

Kanchan-02, Rupandehi

## Invitation for Sealed Quotation

**Date of Publication: 2081/05/26**

1. Kanchan Rural Municipality invites sealed quotations from registered contractors for the following work:

| S.N. | Contract ID/Works | Estimated Amount (Nrs.) | Bid Security Amount (Nrs.) | Fee for Bid Document (Nrs.) |
|---|---|---|---|---|
| 1 | KRM/WORK/SQ/03/081/82 Construction of Blacktop Road from Lausa Rana Chowk to Sano Ukali Chowk | 17,20,053.82/- (Exclusive of VAT and Contingencies) | 50,000.00/- | 1,000.00/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kanchan Rural Municipality, Kanchan-2, Rupandehi or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank:
   Name of Office: Kanchan Rural Municipality
   Name of Account Number: Kanchan GaupalikaAantarik RajashwoKhata
   Rajaswa (revenue) Account no: 1102050029007002
   Name of the Bank: NIC Asia Bank, Kanchan 3, Haraiya, Rupandehi
4. Sealed electronic bids must be submitted to the office Kanchan Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 26-09-2024 12:00 hours. Bids received after this deadline will be rejected.
5. Sealed Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at 26-09-202412:30 hours at the office of Kanchan Rural municipality.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning reason, whatever.

# Kanchan Rural Municipality

**Office of Rural Municipal Executive**

**Kanchan-02, Rupandehi**

## Invitation for Electronic Bids

**Date of publication: 2081/05/26**

1. Kanchan Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following work:

| S.N. | Contract ID/Works | Estimated Amount | Bid Security Amount (Nrs.) | Fee for Bid Document |
|---|---|---|---|---|
| 1 | **KRM/WORK/NCB/04/081/82** Construction of Blacktop Road from Khaijadi Tole to Beldanda via Diyo | 1,49,50,631.53 (Exclusive of VAT & Contingencies) | 4,40,000/- | 3,000/- |
| 2 | **KRM/WORK/NCB/05/081/82** Construction of Road from Lausa to Kuchera Chowk, Danapur, Beldanda, and extending to the Fire Line | 1,54,81,858.09 (Exclusive of VAT & Contingencies) | 4,50,000/- | 3,000/- |

2. Interested bidders may obtain further information at Kanchan Rural Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank:
   Name of Office: Kanchan Rural Municipality
   Name of Account Number: Kanchan Gaupalika Aantarik Rajashwa Khata
   Rajaswa (revenue) Account no: 1102050029007002
   Name of the Bank: NIC Asia Bank, Kanchan 3, Haraiya, Rupandehi
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning reason, whatever.

# मध्यविन्दु नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**चोरमारा, नवलपरासी (ब.सु.पु.)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८१/०५/२६**

यस कार्यालयबाट मिति २०८१/०४/१३ र मिति २०८१/०४/१४ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भइ आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 01/NCB/MB/WORKS/2081/82, Joithar Tamaspur Sadak Kalopatre, Madhyabindu-12 | J.B.S. Construction, Madhyabindu-15 | 8105628.89 | |
| 2. | 02/NCB/MB/WORKS/2081/82, Baburam Chowk Dekhi Madanpur Hudai Ward No 1 Jane sadak Kalopatre(Durgamandir-Madanpur Khanda),Madhyabindu-04 | Elite Nirman Sewa Pvt.Ltd, Kathmandu-31 | 14402367.72 | |
| 3. | 03/NCB/MB/WORKS/2081/82, Construction of Model Laboratory Infrastructure-phase II | BT construction & suppliers, Sardi , Nawalparasi(East) | 3,131,467.92 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# RAMGRAM MUNICIPALITY

**OFFICE OF MUNICIPAL EXECUTIVE**

**RAMGRAM, NAWALPARASI**

**Lumbini Province , Nepal**

## Invitation for Bids–(E-bidding only)

**Date of publication 11th September, 2024 A.D**

- **Ramgram Municipality Office of Municipal Executive, Ramgram, Nawalparasi** invites **E-bidding only** from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount (Excluding VAT and Contingency ) Nrs. | Bid Security Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| RAM/ Goods/081/082/01 | Purchase of Medicine and Surgical materials | 38,08,695.50 | 95,000.00/- | NCB |

- Hard copy BOQ should compulsorily be filled and uploaded..
- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.toobtain further information and inspect the bidding documents .

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# लुम्बिनी प्रदेशको पर्यटन प्रवर्द्धनमा एनएचए




बुटवल । नेप्लिज होटेलियर्स एशोसिएसन (एनएचए) लुम्बिनीले लुम्बिनी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि अंग्रेजी भाषामा भिडियो बनाएर सामाजिक सञ्जालमार्फत् प्रचार गर्न थालेको छ ।

प्रदेशका मुख्य पर्यटकीय स्थल, ऐतिहासिक धार्मिक स्थल, प्राकृतिक सौन्दर्य, संस्कृति, पर्यटकीय गन्तव्यहरु, , होटेल, क्यासिनो, नाइट लाइफ, लुम्बिनी केबलकारसहित पर्यटकीय पूर्वाधार आदि समेटेर अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्न एनएचएले अंग्रेजी भाषामा भिडियो बनाएको हो ।

प्रदेशको पर्यटन प्रवर्द्धनमा सरकारी निकायको मात्रै मुख ताकेर हुँदैन, निजी क्षेत्रले पनि आफ्नो तर्फबाट योगदान गर्नुपर्छ भनेर संस्थाकै खर्चमा ३ मिनेट ३१ सेकेण्डको भिडियो बनाइएको एनएचए लुम्बिनीका अध्यक्ष प्रविणबहादुर पाठकले बताए । बुद्ध जन्मस्थल लुम्बिनी, लुम्बिनीस्थित विभिन्न देशका बौद्ध बिहारहरु, बुटवलको लुम्बिनी केबलकार,बर्दिया राष्ट्रिय निकुञ्ज, पाल्पाको रानीमहल, बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदेशभित्रका परम्परागत अर्गानिक खानाका परिकार र विभिन्न रमणीय प्राकृतिक सुन्दरता आदि दृश्य भिडियोमा सुन्दर ढंगले समावेश गरिएको पाठकले बताए ।

एनएचएका उपाध्यक्ष दिलिप गौचनले भारतसहित विदेशी पर्यटकलाई लुम्बिनी प्रदेशभित्रको पर्यटकीय विशेषता, यहाँका आकर्षणलगायत विषय समेटेर निकै राम्रो भिडियो बनेको र यसले अन्तर्राष्ट्रिय जगतमा लुम्बिनीलाई चिनाउन र पर्यटकलाई आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको बताए । भिडियोले बुद्ध जन्मस्थल लुम्बिनी र समग्र प्रदेशका पर्यटकीय गन्तव्यहरुले पर्यटकमा शान्ति, पवित्रता र जीवनभर सम्झिन लायक छाप छाड्ने तथा बुटवलमा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, यहाँकास्तरीय तारे होटेलहरुका कारण यो ठाउँ मायस टुरिजम (सभा सम्मेलन, गोष्ठी सेमिनार आदिले पर्यटक तान्ने ) तथा वेडिङ डेस्टिनेसन ( विवाह गन्तव्य) बन्न सक्ने संभावनालाई पनि भिडियोले उजागर गरेको छ ।

एनएचए लुम्बिनीले लुम्बिनी र समग्र देशको पर्यटन प्रवर्द्धनका लागि स्थापनाकालदेखि नै सरकालाई नीतिगत सुधारका लागि विभिन्न सुझाव दिँदै आएको छ । एनएचएमा पर्यटकस्तरदेखि माथिका आफ्नै प्रोपर्टीका तारे स्तरका प्रदेशभरका होटेलहरु आबद्ध छन् ।

# सडक निर्माणमा ढिलाइ हुँदा पालिका अध्यक्ष अनशनमा

**गौरीशंकर जयसवाल**
*परासी*

प्रतापपुर गाउँपालिकाभित्र पर्ने हुलाकी राजमार्गको सडक निर्माणमा ढिलाइ भएको भन्दै प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवसहितको टोली अनशनमा बसेका छन् ।

संघीय हुलाकी सडकको अधुरो काम तत्काल सम्पन्न गर्न संघ सरकारलाई पत्राचार गरेको गाउँपालिकाले यसअघि नै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएको थियो ।

प्रतापपुर गाउँपालिकाभित्र पर्ने सडकहरुको निर्माण नभएको भन्दै मंगलबारबाट रिले अनशन सुरु गरेका हुन् । हुलाकी सडक निर्माणमा चरम ढिलासुस्ती भएपछि गाउँपालिका अध्यक्ष यादवको नेतृत्वमा गाउँपालिकाका वडा अध्यक्ष र जनप्रतिनिधिहरू संयुक्तरुपमा अनशनमा बसेका हुन् ।

संविधानसभा सदस्य विक्रम खनाल, लुम्बिनी प्रदेशसभा सदस्य विश्वप्रेम पाठक पनि अनशनमा सहभागी हुँदै सडक निर्माण समयमा नहुँदा स्थानीयले दुःख पाएको उल्लेख गरे । इलाका प्रशासन कार्यालय सेमरी अगाडि रिले अनशनमा बसेको र २७ गतेसम्म पनि कामले तीव्रता नपाएमा आमरण अनशनमा बस्ने प्रतापपुर गाउँपालिकाका अध्यक्ष यादवले जानकारी दिए ।

हुलाकी सडकअन्तर्गत जिल्लाको नारायणचोक त्रिवेणी खण्डअन्तर्गत पर्ने बेलाटारीसम्मको साढे ६ किलोमिटर खण्ड जीर्ण भएका कारण यात्रामा कठिन हुने गरेको स्थानीयले बताएका छन् ।




हुलाकी सडक निर्देशनालयअन्तर्गत नारायण चोक, गोपीगञ्जदेखि बेलाटारीसम्मको ६ दशमलब ५ किलोमिटर हुलाकी सडक ६ वर्ष पूरा हुँदा पनि सम्पन्न नभएपछि प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवको नेतृत्वमा जिल्लामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिले आइतबार जिल्ला प्रशासन कार्यालय नवलपरासीमा प्रदर्शन र धर्ना दिएका छन् । सडक निर्माणको क्रममा खनिएको खाडलले गर्दा हिउँदमा धुलो र वर्षामा हिलोले दैनिकजसो दुर्घटना हुने गरेको छ ।

ठेकेदार कम्पनी बज्रगुरु महालक्ष्मी र हुलाकी सडक निर्देशननालयसँग पटक-पटक समन्वय गर्दा पनि काम अगाडि नबढेको भन्दै यहाँका स्थानीयले गुनासो गर्दै आएका छन् ।

२०७९ सालमा निर्माण सम्पन्न हुनुपर्ने सडक अहिलेसम्म पनि सम्पन्न नभएको भन्दै गाउँपालिकाले ध्यानाकर्षण गराएको हो । संघीय सरकारको योजनामा रहेको हुलाकी सडक निर्माण नहुँदा स्थानीयले दैनिक जसो दुर्घटना र यात्राको सास्ती खेप्नु परेको छ ।

# विश्व पर्यटन दिवसमा भैरहवामा महोत्सव



भैरहवा । विश्व पर्यटन दिवसको अवसरमा भैरहवा दुईदिने सडक खाना महोत्सव तथा साँस्कृतिक कार्यक्रम हुने भएको छ । सिद्धार्थ होटल संघ नेपालको आयोजनामा सेप्टेम्बर २७ र २८ तारिख गरी दुई दिनसम्म 'भैरहवा फूड फेस्टिबल तथा म्युजिकल नाइट-२०८१' आयोजना गर्न लागिएको हो ।

आयोजकले सोमबार भैरहवामा पत्रकार सम्मेलन गरी विगतको भन्दा फरक ढंगले पर्यटन दिवस मनाउने तयारी गरेको बताउँदै ४५औं विश्व पर्यटन दिवसमा नतिजा राम्रो आए यसलाई निरन्तरता दिने गरी गृहकार्य गर्ने बताए । स्थानीय र भारतीय पर्यटकहरुलाई लक्षित गर्दै बेलहिया बुटवल सडक खण्डको देवकोटाचोकदेखि आँखा अस्पतालसम्म क्षेत्रमा कार्यक्रम गर्न लागिएको शानका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी)ले बताए ।

महोत्सवमा लुम्बिनी प्रदेशमा रहेका तारे होटललाई आफ्नो परिकारसहित आउन भनेका छौं, यस्तै यस क्षेत्रका होटल तथा रेष्टुरेण्टहरुका ५० बढि स्टलहरु राखिने छ । सडकमै खाउ सडकमै रमाउने भएकोले कार्यक्रममा ख्याति प्राप्त कलाकारहरु दुर्गेश थापा, समीक्षा अधिकारी, संजना सिल्क, ईन्दु दनुवार, अस्मिता अधिकारी, प्रिती पासवान, प्रशंसा पाण्डे, मनिष कार्की, अफसर अली र वैन्ड-लाइभलगायतको प्रस्तुति रहने कार्यक्रम संयोजक विनोद खरेलले बताए ।

महोत्सवको उद्देश्य केवल पर्यटन प्रवर्द्धन भएकोले यसले सिथिल अवस्थालाई केही भए पनि चलायमान बनाउने अपेक्षा आयोजकको छ । विशेष छुटका साथ २ दिन साँझमा राखिएको कार्यक्रममा ५० हजार दर्शक आउने अपेक्षा गरिएको छ । कार्यक्रमको मुख्य प्रायोजक रहेको युनाइटेड एजोड इन्स्योरेन्स लिमिटेड रहेको छ ।

# भलाइ कोषसँग ई-ड्राइभ र बुटवल टेक्सीको सम्झौता



बुटवल । यातायात मजदूर तथा व्यवसायी भलाइ कोष बुटवल र ई-ड्राइभ लुम्बिनी तथा बुटवल टेक्सी सेवा प्रालिबिच सम्झौता भएको छ ।

ई-ड्राइभ नेपाल र बुटवल टेक्सी सेवा प्रालिमा आबद्ध गाडीलाई कोषमा आबद्ध गराउने विषयमा सम्झौता भएको कोषका अध्यक्ष दिनेश फुल्लेलले जानकारी दिए ।

सम्झौतामा आफ्नो संस्थामा आबद्ध व्यवसायीका साधनहरु कोषमा नियमानुसार शुल्क बुझाइ आबद्ध गर्ने उल्लेख छ । सम्झौतामा २०८१ कार्तिक ३० सम्म कोषले आबद्धता निःशुल्क गरिदिने उल्लेख छ ।

त्यसैगरी कोषमा मासिक शुल्क बुझाउने व्यवसायीलाई २ सय रुपैयाँ छुट प्रदान गर्ने गरी सम्झौता भएको कोषका महासचिव योग गुरुङले जानकारी दिए । त्यस्तै सवारीसाधन बाटोमा दुर्घटना भइ जीवित क्षती तथा तेस्रो पक्षको निर्जीव क्षतीको सम्पूर्ण लगानी कोषले गर्ने गरी सम्झौता भएको ई-ड्राइभ नेपालका प्रवन्ध निर्देशक राजकुमार गुप्ताले जानकारी दिए ।

आफ्नो गाडीको व्यापक बिमा भएको अवस्थामा दुर्घटनाको कारण क्षती भएमा लागेको खर्चमा कोषले ५० प्रतिशत व्यहोर्ने सम्झौतामा उल्लेख छ । त्यस्तै दुर्घटना भइ चालकलाई हिरासतमुक्त गर्दा लाग्ने खर्च पनि भलाइ कोषले व्यहोर्ने गरी सम्झौता गरिएको बुटवल टेक्सी सेवा प्रालिका विजय कुँवरले बताए ।

त्यस्तै मोटरसाइकल र स्कूटर दुर्घटना हुँदा दुई जनासम्मको उपचार खर्च रकम १५ लाख रुपैयाँ कोषले लगानी गर्ने सम्झौता पनि भएको छ ।

## Siyari Rural Municipality
### Office of the Rural Municipal Executive
### Harniya, Rupandehi

## Invitation for Online Bid

First Date of publication: 11-09-2024 (2081/05/26)

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the construction of following works under National Competitive bidding procedure :

| S.N | Contract Identification Number | Description of Work | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 1/NCB/ WORK/ SRM/ 2081-082 | Construction of Black topped Road From Ward No-05 to Sisahaniya of Ward No 4 Office Road | 200000.00 120 days | 60,85,808.46 | 3,000 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com